नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

# सूचना

## नेपाल-भारत सीमाका प्रवेश विन्दु सम्बन्धमा

नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७/०४/२६ मा "विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभव समेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन २०७७ साउन ३२ गते आइतवार मध्यरातसम्मका लागि स्थगित गरिएकोमा हाललाई मिति २०७७ भदौ ३१ गते बुधवार (तदनुसार २०२० सेप्टेम्वर १६) मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने गरी निरन्तरता दिने" निर्णय भएको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ ।

तर, COVID-19 को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा नेपाल जानै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई भारतबाट स्थलमार्ग हुँदै नेपाल जान नेपाल-भारत सीमाका देहायका प्रवेश विन्दु नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०४/२६ को निर्णय अनुसार तोकिएको व्यहोरा सबैमा जानकारी गराइन्छ:-

(क) काकडभिट्टा (झापा)
(ख) रानी (मोरङ्ग)
(ग) माडर (सिराहा)
(घ) गौर (रौतहट)
(ङ) बीरगञ्ज (पर्सा)
(च) बेलहिया (रुपन्देही)
(छ) कृष्णनगर (कपिलवस्तु)
(ज) जमुनाहा (बाँके)
(झ) गौरीफान्टा (कैलाली)
(ञ) गड्डाचौकी (कञ्चनपुर)

नेपाली राजदूतावास
नयाँ दिल्ली

२०७७ साउन ३० गते

नेपाली राजदूतावास
नयाँदिल्ली